# नेपाल स्काउट शुद्धिकरण अभियान

मिति: २०८१।११।०६

प्रमुख स्काउट माननीय युवा तथा खेलकुद मन्त्री ज्यू

युवा तथा खेलकुद मन्त्रालय,

सिहंदरवार, काठमाण्डौं

**ज्ञापन पत्र**

नेपाल स्काउटभित्र विगत केही समयदेखि देखिएको अनियमितता, अपारदर्शिता तथा अराजक गतिविधिहरूको विरुद्धमा नेपाल स्काउट शुद्धीकरण अभियान गठन गरिएको छ। स्काउट आन्दोलनको मूल उद्देश्य अनुशासन, सेवा, नेतृत्व विकास र राष्ट्रप्रेमलाई प्रवर्द्धन गर्नु हो तर, पछिल्लो समय नेपाल स्काउटको प्रशासनिक र सांगठनिक तहमा बढ्दो अनियमितता, शक्ति दुरुपयोग, आर्थिक अपारदर्शिता तथा स्वार्थ प्रेरित गतिविधिहरूले संगठनको मूल आदर्श नै धरापमा पर्न थालेको छ। यस अवस्थालाई सुधार्न देशका विभिन्न जिल्लाका स्काउटरहरु, राष्ट्रीय स्काउट प्रशिक्षक तथा स्काउट सदस्यहरू एकजुट भएर नेपाल स्काउट शुद्धीकरण अभियानको सुरुवात गरेका छौं । यो अभियानले संगठनभित्र पारदर्शिता, उत्तरदायित्व तथा स्वच्छ प्रशासन सुनिश्चित गर्न दबाबमूलक गतिविधिहरू सञ्चालन गर्नेछ। अभियानका सदस्यहरूले नेपाल स्काउटलाई साँचो अर्थमा अनुशासन, इमान्दारिता तथा स्काउटीङ्ग आदर्श पुनःस्थापित गर्ने अठोट लिएका छन् ।

स्काउटको नाममा विभिन्न कार्यक्रम आयोजना गर्ने बहानामा आर्थिक हिनामिना, स्रोत साधनको दुरुपयोग, तथा संस्थागत निर्णय प्रक्रियामा मनपरी गर्ने प्रवृत्ति मौलाउँदै गएको छ । राष्ट्रीय प्रधान कार्यालयको प्रमुख कर्मचारीले संस्थागत उत्तरदायित्व पूरा गर्नु साटो अनावश्यक विदेश भ्रमण, फजुल खर्च, तथा निजी स्वार्थका गतिविधिमा संलग्न भएर संगठनलाई कमजोर बनाएका छन् । नेपाल स्काउटभित्र पारदर्शी व्यवस्थापनको अभाव र आन्तरिक अनुगमन तथा जवाफदेहिता प्रणाली कमजोर हुँदा आर्थिक अपचलन गर्नेहरूलाई प्रोत्साहन मिलेको छ ।

हाल विभिन्न संचार माध्यम मार्फत कार्यालय प्रमुखद्वारा गरीएको अनियमीतता तथा दुर्व्यवहारका समाचारहरु आई रहेका छन् । यस प्रकारको घटना सम्बन्धी समाचारहरु प्रकाशन भइ रहंदा स्काउटलाई माया गर्ने र संस्थाको भलो चिताउनेहरु चुप लागेर बसी रहन सक्दैनन् । अन्तराष्ट्रीय रुपमा समेत यस किसिमको समाचारहरुले नेपाल स्काउटको इज्जत गुम्ने खतरा छ ।

नेपाल स्काउटको शुद्धिकरण संभव छ र त्यसको सुरुवात व्यक्तीगत स्वार्थविहिन मनसायका साथ मात्र गर्न सकिन्छ । नेपाल स्काउटको अभिभावकको रुपमा रहेको प्रमुख स्काउटले वास्तविकता पत्ता लगाई प्रकृया अगाडी बढाउने हो भने स्काउटको पहिलेको जस्तै असल संस्थाको छवि फर्काउन संभव छ ।

**यसै सन्दर्भमा यस ज्ञापन पत्र मार्फत हामीले निम्न ४ सुत्रिय माग पेश गरेका छौं :**

**१. हालै प्रमुख स्काउटको हस्ताक्षरद्वारा जारी कर्मचारी प्रशासन नियमावली २०८१का प्रसुति बिदा जस्ता कतिपय प्रावधानहरु कर्मचारीको मनोवल गिराउने खालको भएको हुँदा सो नियमावली उपर राष्ट्रीय परिषदमा व्यापक छलफल गरी सो परिषदबाट पारित गराई शंसोधित नियमावली लागु गर्नु पर्ने ।**

**२. राष्ट्रीय प्रधान कार्यालयका निर्देशक राम प्रसाद भट्टराईको अनियमितता संग सम्बन्धीत नेपाल स्काउटमा प्राप्त १० बुँदे उजुरी उपर छानविन गरिनु पर्ने ।**

# नेपाल स्काउट शुद्धिकरण अभियान

**३. हाल बाहिर आएको, राष्ट्रीय प्रधान कार्यालयका निर्देशक राम प्रसाद भट्टराईद्वारा कार्यक्षेत्रमा गरिने दुर्व्यवहार तथा यौन दुर्व्यवहारसंग सम्बन्धीत विषय उपर छानविन गरिनु पर्ने ।**

**४. राष्ट्रीय प्रधान कार्यालयका निर्देशक राम प्रसाद भट्टराई उपर छानविन पुरा नहुन्जेल निजलाई निलम्बनमा राखिनु पर्ने, छानविनको प्रकृया पुरा भए पश्चात प्रतिवेदनका आधारमा कार्वाही हुनु पर्ने ।**

**माथी उल्लेखित मागहरु पुरा गर्न ७ दिनको अल्टीमेटम दिएको र ७ दिन भित्र मागहरु पुरा नभएमा विरोध तथा आन्दोलनका कार्यक्रमहरु थालनी गर्न हामी बाध्य हुने समेत जानकारी गराउन चाहन्छौं ।**

**यहाँ उल्लेखित ४ बुँदे मागहरु प्रमुख स्काउटद्वार यथाशिध्र संबोधन भई पुरा हुनेमा हामी विश्वस्त छौं ।**

जय स्काउट !

देवदुत अधिकारी

संयोजक

९८५१००६३६५

बोधार्थः

१. सम्माननीय प्रधान मन्त्री तथा संरक्षक ज्यू, नेपाल स्काउट